| ऐन संख्या :- | .......... |
|---|---|

# आमचोक चिया तथा कफि विकास ऐन २०७४

सभाबाट स्वीकृत मिति :-

## आमचोक गाउँपालिका

### जिल्ला भोजपुर

### १ नं. प्रदेश, नेपाल

**प्रस्तावना :**

आमचोक गाउँपालिका क्षेत्रभित्र चिया तथा कफि विकास उत्पादन, राष्ट्रिय अन्तराष्ट्रिय रुपमा बजारिकरण, स्थानीय जनता र गाउँपालिकाको आयस्तरमा बृद्धि गर्नको लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले आमचोक गाउँपालिकाको गाउँसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम आमचोक गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यस ऐनको नाम आमचोक चिया तथा कफि व्यवसाय प्रबर्द्धन ऐन, २०७४ रहने छ ।

(ख) यो ऐन गाउँसभाबाट पास भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) ‘‘अध्यक्ष’’ भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) ‘‘उत्पादक भन्नाले चिया तथा कफि उत्पादन गर्ने कृषक, कम्पनी वा चिया कफि फार्म वा सहकारी उत्पादन सम्झनु पर्छ ।

(ग) ‘‘एजेन्ट’’ भन्नाले चिया कफि उद्धमी, व्यवसायी, बस्तुहरुको कारोबार गर्ने दर्तावाला व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

(घ) ‘‘कार्यपालिका’’ भन्नाले आमचोक गाउँपालिका सम्झनु पर्छ ।

(ङ) ‘‘चिया कफि’’ भन्नाले गाउँपालिका ले गरेको चिया कफि खेति ब्यवसाय, निजी चिया कफि कृषक समूह, फर्म, चिया कफि सहकारी समेतलाई सम्झनु पर्छ ।

(च) ‘‘चिया कफि फार्म’’ भन्नाले चिया कफि रोपन वगान क्षेत्र उद्योग, भण्डारण, वितरण चिया कफि उपजको विक्री वितरण गर्ने बजार भनेर सम्झनु पर्छ ।

(छ) ‘‘चिया कफि ब्यवसाय’’ भन्नाले देहाय बमोजिम सम्झनु पर्छ ।

(१) ब्यवसायिक उद्देश्यले गरिने चिया कफि उत्पादन

(२) चिया कफिको प्रशोधन

(३) चिया कफिमा प्रयोग हुने प्राङगारीक मलको उत्पादन, सिँचाई व्यवस्था, भण्डारण, वितरण, स्थानीय जडीबुटीको अर्गानिक किटनाशक औषधी बनाईने ।

(४) चिया कफि आमचोक गाउँपालिका र अन्य गाउँपालिकाको सहकार्यमा पनि उचित पायक पर्ने क्षेत्रमा, नीजि जमिन, सार्वजनिक जमिन, र सामुदायिक बनको खुल्ला प्रति चौरमा आवश्यक जमिन सम्झौता गरी यो काम सञ्चालनमा आउनेछ ।

(५) चिया कफि प्रशोधनको लागि आवश्यक उद्योग आफै स्थापना गर्ने ।

(६) चिया कफि को बजार राष्ट्रिय, अन्तराष्ट्रियरुपमा खोजी गरी विक्री गर्ने ।

(७) चिया कफिलाई अर्गानिक अर्थोडक्स रुपमा विकसीत गर्ने ।

(ज) "प्रबन्धक" भन्नाले यस ऐन बमोजिम सञ्चालक समितिले नियुक्त गरेको प्रबन्धक बुझिन्छ ।

## परिच्छेद २

## प्रबन्धकको काम,कर्तव्य र अधिकार सम्बन्धमा

३. प्रबन्धकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ ।

(१) संस्थाको दैनिक प्रशासनिक कार्यहरु गर्ने गराउँने ।

(२) सञ्चालक समितिले गरेका निर्णयहरुको कार्यान्वयन गर्ने गराउँने ।

(३) लेखा प्रति उत्तरदायी रहि लेखालाई चुस्त दुरुस्त पारदर्शी मितव्ययी बनाउँने ।

(४) वार्षिक कार्यक्रमको योजना बनाउँदै सञ्चालक समिति समक्ष पेश गर्ने ।

(५) वार्षिक आर्थिक विवरण तयार गरी आ.ल.प. म.ल.प. गर्ने ।

(६) सञ्चालक समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ३

## सञ्चालक सम्बन्धमा

४. चिया कफि व्यवसाय सञ्चालक समिति

(१) चिया कफिको क्षेत्रबाट समग्र विकास तथा प्रबर्द्धन लगायतका कार्य गर्न आमचोक

गाउँपालिकाको ऐनमा स्थानीय चिया कफि व्यवसाय सञ्चालक समिति रहनेछ ।

(२) तसर्थ देहाय बमोजिमका सदस्य रहने छन् ।

(क) स्थानीय तहको अध्यक्ष वा प्रमुख - अध्यक्ष - १

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी - सदस्य - १

(ग) कृषि क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य - सदस्य - १

(घ) कार्यपालिकाले मनोनयन गरेको विज्ञ एक जना - सदस्य - १

(ङ) सार्वजनिक निजी साझेदारी नीति ऐन, २०७२ अनुसार निजी लगानीकर्ता तर्फबाट ५ जना - सदस्य - ५

(च) कार्यपालिकाले तोकेको १ दलित सहित २ जना महिला - सदस्य - २

(छ) सञ्चालक समितिले नियुक्ति गरेको प्रबन्धक - सदस्य सचिव- १

(३) समितिले चिया कफि क्षेत्रको व्यक्तिहरुसँग बैठकमा आमन्त्रित गरी विशेष सल्लाह सुझाबको लागी आमन्त्रण गर्नेछ ।

(४) समितिको बैठकले चिया कफि सञ्चालनमा समिति आफैले कार्यविधि बनाई सञ्चालनमा ल्याउनेछ ।

(५) समितिले कार्य सञ्चालनको लागि आवश्यकता अनुसार उप समितिहरु गठन गर्न सक्नेछ ।

## परिच्छेद ४

५. समितिको काम, कर्तव्य : यस ऐन, व्यवस्था भएदेखि समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) चिया कफि उत्पादन बारे आवश्यक विधिविधान बनाउने ।

(ख) संस्थालाई प्रवन्धक नियुक्ति गर्ने ।

(ग) संस्थालई आवश्यक कर्मचारी नियुक्ति गर्ने ।

(घ) चिया कफि व्यवसाय प्रबर्द्धन गर्न आवश्यक नीति तथा नियम तर्जुमा गर्ने ।

(ङ) मासिक बैठकमा उपस्थीत हुने, निर्णयमा हस्ताक्षर गर्ने ।

## परिच्छेद ५

## लगानी सम्बन्धमा

६.आमचोक चिया तथा कफि विकास संस्थालाई देहाय बमोजिमको लगानी ऐन सञ्चालन गरिनेछ।

(क) मुलत आमचोक चिया तथा कफि विकास संस्था सार्वजनिक निजी साझेदारी नीति २०७२ अनुसार ११.४ को साझेदारी अवधारणाको कार्यान्वयन अन्तर्गत नं. ८ को रु.५ करोड सम्मको लागतमा हुने आयोजनाको कार्यान्वयन, सञ्चालन तथा हस्तान्तरणको
लागि सम्बन्धित सार्वजनिक
निकायको प्रमुखले आवश्यक नीति तथा प्रक्रिया तर्जुमा गरी लागु गर्न सक्नेछन् भन्ने अवधारणा अन्तर्गत लगानी गरिनेछ।

(ख) संस्थाको सम्पति हिस्सा लगानी र आम्दानी ५१% पालिकाको नै रहनेछ।

(ग) स्थानीय नागरीकलाई प्रति व्यक्ति रु. १५ हजार देखि ५ लाख रुपैया सम्म शेयर खरिद गर्ने सुविधा दिईनेछ।

(घ) संस्थाले विभिन्न वित्तिय संघ संस्थाहरु सहकारी, फाईनान्स, बैंक कर्जा लाई लगानीको रुपमा उपयोग गर्न सक्नेछ।

(ङ) संस्थाले अन्तराष्ट्रिय दातृ निकायहरुको सहयोग कानुन बमोजिम लिन सक्नेछ।

## परिच्छेद ६

७.आमचोक चिया कफि विकास कार्यक्षेत्र बारे देहाय बमोजिम कार्य क्षेत्र निर्धारण गरिनेछ।

(क) चिया कफि खेति विस्तारको लागि आमचोक गाउँपालिकाको सबै उचित जमिन उपयोगमा ल्याउनेछ।

(ख) जमिन लाई करार सम्झौता अनुसार प्रयोगमा ल्याईनेछ।

(ग) छिमेकी गाउँपालिकाहरुसँग पनि आपसी सम्झौतामा खेति विस्तार गरिनेछ।

## परिच्छेद ७

८. आमचोक चिया कफि विकास गर्नुको मुख्य उद्देश्य देहाय बमोजिम रहने छ ।

(क) सम्बन्धित गाउँपालिका र स्थानीय जनता को आम्दानी बृद्धि गर्न ।

(ख) सयौं हेक्टर रहेको खाली चौर, जमिनको सहि उपयोग गर्न ।

(ग) वातावरणीय सन्तुलन कायम गर्न ।

(घ) रोजगारीको सिर्जना गर्न ।

(ङ) चिया कफि बगानको सौन्दर्य मार्फत आन्तरिक तथा बाह्य पर्यटकको आगमन गराई यस क्षेत्रको पर्यटन ब्यावसायमा दिगो विकास गर्न ।

(च) चिया कफिको बारेमा अध्ययन अनुसन्धान गर्दै राष्ट्रिय रुपमा यस क्षेत्रको विकास गर्न ।

## परिच्छेद ८

लेखा परिक्षण खर्च सम्बन्धमा

९. यस चिया तथा कफि विकास संस्थाको लेखा परिक्षण र वार्षिक खर्च देहाय बमोजिम रहनेछ ।

(क) पहिलो आ.ले.प. गाउँपालिकाको मातहतमा रहनेछ ।

(ख) म.ले.प. संस्था आफैले नेपाल सरकारको मान्यता प्राप्त लेखा परिक्षण फर्मबाट वार्षिक लेखा परिक्षण गर्नेछ ।

(ग) संस्थाले कर्मचारी, कार्यलय व्यवस्थापन, कार्यलय भाडा, भौतिक रुपमा कार्यालय सञ्चालनको आवश्यक सबै सामग्रीमा खर्च गर्नेछ ।

(घ) संस्थाको सरकारी मान्यता प्राप्त बैंकमा खाता रहनेछ ।

(ङ) आर्थिक कारोबार चेक हस्ताक्षरमा संस्थाको प्रबन्धक र लेखा शाखाको कर्मचारी दुई जनाको मात्र हस्ताक्षर रहने छ ।

(च) नीति नियमहरु सञ्चालक समिति बाट पारित गराई लागु गरिने छ ।

## परिच्छेद ९

१०. कर्मचारी सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिनेछ ।

(क) सक्षम स्थानीय नागरिकलाई मुख्य प्राथमिकता दिईनेछ ।

(ख) प्रबन्धकको लागि लागि स्नातक गरेको हुनुपर्नेछ ।

(ग) संस्थाको कार्यकारी प्रमुख सञ्चालक समितिको पहिलो बैठकबाट नियुक्ति गरिनेछ ।

(घ) प्रबन्धकको रुपमा एक जना नागरिकलाई दुई कार्यकाल भन्दा बढी जिम्मेवारी दिईने छैन ।

(ङ) प्रबन्धकको कार्य अवधि ४ वर्षको हुनेछ ।

(च) कर्मचारी नियुक्तिमा करार ऐन पालना गरिने छ ।

(छ) प्रबन्धक र कर्मचारीले संस्थाको विधान विपरित कार्य गरेमा, नेपाल सरकारको कानुन विपरित कार्य गरेमा सञ्चालक समितिले निजलाई पदबाट हटाउन सक्नेछ ।

## परिच्छेद १०

११. शेयर लगानी, मुनाफा वितरण सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएको छ ।

(क) नेपाली नागरिकले रु. १००/-का दरले प्रति कित्ता शेयर खरिद गर्न पाईनेछ

(ख) वितिय संस्था, व्यवसायी संघ, सामुहिक लगानी सबै बाट शेयर खरिद गर्न सकिनेछ ।

(ग) संस्था ब्यवसायिक रुपमा नाफामा जान थालेपछि लगानी अनुपातमा मुनाफा वितरण गरिनेछ ।

(घ) वार्षिक आ.व. सकिएपछि वार्षिक साधारण सभा गरिनेछ । त्यहि वेला आर्थिक तथा प्रगति विवरण पेश  गरिनेछ ।

## परिच्छेद ११

१२. विधान सम्बन्धमा देहाय बमोजिम कार्य गरिनेछ ।

(क) गाउँसभाबाट ऐन पास भईसकेपछि ऐनकै आधारमा नियमावली बनाईनेछ ।

(ख) नियमावली वनाउन सञ्चालक समितिको मुख्य भूमिका रहनेछ ।

(ग) ऐन अनुसार काम गर्नको लागि उप समिति निर्माण गर्न सकिनेछ ।

(घ) नियमावली संसोधन गर्नु परेमा सञ्चालक समितिको बहुमत बाट निर्णय गर्नु पर्नेछ ।

## परिच्छेद १२

संस्थाको छाप सम्बन्धमा

१३. सञ्चालक समितिको बैठक बसी आकर्षक र महत्व वोकेको छापको निर्माण गरिनेछ ।